# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, चैत्र १९ गते, २०८१ साल(अतिरिक्ताङ्क ८(क)

भाग १

मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

## मधेश प्रदेश पर्यटन ऐन, २०८१

सम्वत् २०८१ सालको ऐन नम्बर ०८

**मधेशमा पर्यटनको विकास र प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेशभित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रर्वद्धन

गरी पर्यटन क्षेत्र मार्फत प्रदेशबासीलाई आर्थिक र सामाजिक रुपमा सशक्त बनाउन एवं पर्यटकको हित अभिवृद्धि गर्दै पर्यटन क्षेत्रको समग्र विकास सहित पर्यटन व्यवसायलाई मर्यादित र सुरक्षित बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मधेश प्रदेश पर्यटन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"इजाजतपत्र"** भन्नाले होटल, मोटल, रेष्टुराँ, बार, रिसोर्ट, लज, होमस्टे, क्यासिनो, फनपार्क, गाईड, र्‍याफ्टिङ्ग, क्यानोइङ्ग, ट्राभेल वा ट्रेकिङ्ग एजेन्सीलगायत पर्यटनसँग सम्बन्धित व्यवसाय संचालन गर्नको लागि यस ऐन बमोजिम प्राप्त इजाजत पत्र सम्झनु पर्छ ।

(ख) **"इजाजतपत्रवाला"** भन्नाले यस ऐन बमोजिम इजाजतपत्र प्राप्त कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) **"कम्पनी"** भन्नाले कम्पनी ऐन बमोजिम दर्ता भएको कम्पनीलाई सम्झनु पर्छ ।

(घ) **"ट्राभेल एजेन्सी"** भन्नाले जुनसुकै नामबाट संचालन गरिएको भए तापनि पर्यटकसँग शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरुमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने इजाजतपत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनु पर्छ ।

(ङ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **"आन्तरिक पर्यटक"** भन्नाले नेपालभित्र एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ ।

(छ) **"विदेशी पर्यटक"** भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल वा प्रदेशमा आउने गैर नेपाली नागरिक सम्झनु पर्छ ।

(ज) **"पथ प्रदर्शक"** भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शक वा दोभाषेको काम गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ञ) **"समिति"** भन्नाले दफा २८ बमोजिमको प्रदेश पर्यटन प्रबर्द्धन समिति सम्झनु पर्छ ।

(ट) **"ट्रेकिङ एजेन्सी"** भन्नाले जुनसुकै नामबाट संचालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृष्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया सवारी साधन उपलब्ध नभएका स्थानहरुमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति फर्म वा कम्पनी सम्झनु पर्छ ।

## परिच्छेद-२

## ट्राभेल एजेन्सी तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र लिनुपर्नेः** (१) ट्राभेल एजेन्सी सम्बन्धी काम गर्न चाहने जुनसुकै व्यक्ति, फर्म वा कम्पनीले यस ऐन बमोजिम इजाजतपत्र लिनुपर्नेछ । यसरी इजाजतपत्र लिनुअघि प्रचलित कानून बमोजिम तोकिएको निकायमा निजको नाममा फर्मको हकमा कम्तीमा १० लाख रुपैयाँ र कम्पनीको हकमा कम्तीमा पच्चीस लाख रुपैयाँ चालू वा चुक्ता पूँजी भएको फर्म वा कम्पनी दर्ता भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिनको लागि देहायको विवरण साथ तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) फर्म वा कम्पनीको नाम,

(ख) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र, प्रवन्धपत्र र विनियमावलीको प्रतिलिपि,

(ग) प्रचलित कानून बमोजिम कर दर्ता सम्बन्धी प्रमाणपत्र,

(घ) इजातजपत्रवाला र गाइड बीच हुने करारको प्रतिलिपि,

(ङ) ट्राभेलसँग सम्बन्धित कार्य योजना,

(च) तोकिए बमोजिमका अन्य कुराहरु ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र दिन मिल्ने भएमा त्यस्तो फर्म वा कम्पनीलाई ट्राभेल सम्बन्धी कार्य संचालन गर्न इजाजतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा इजाजतपत्र दिन नमिल्ने भएमा तोकिएको अधिकारीले कारण सहितको जानकारी इजाजतपत्रको निवेदन पेश भएको सात दिनभित्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो जानकारी पाएको मितिले सात दिनभित्र त्यस्तो निर्णयको विरुद्ध मन्त्रालयको सचिव समक्ष पुनरावेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पर्न आएको पुनरावेदनको सम्बन्धमा पन्ध्र दिनभित्र निर्णय गरी सक्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

४. **अयोग्यताः** देहायको अयोग्यता भएको व्यक्तिको फर्म वा कम्पनीलाई इजाजतपत्र दिइने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) मानसिक सन्तुलन ठीक नभएको,

(ग) दामासाहीमा परेको,

(घ) प्रचलित कानूनले अयोग्य भएको वा करार गर्न योग्य नभएको,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधि भुक्तान नभएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(छ) अदालतको अन्तिम फैसलाबाट लागेको दण्ड, जरिवाना वा दस्तुर बुझाउन बाँकी रहेको,

(ज) इजाजतपत्र खारेज भएको मितिले दुई वर्षको अवधि भुक्तान गरी नसकेको,

(झ) तोकिए बमोजिमको अन्य कुरा पूरा नभएको ।

५. **ट्राभेल एजेन्सीको वर्गीकरणः** (१) ट्राभेल एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण भएका ट्राभेल एजेन्सीलाई तोकिए बमोजिमको सुविधा प्राप्त हुनेछ ।

६. **ट्राभेल एजेन्सीले लिने शुल्कको सूचनाः** (१) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त ट्राभेल एजेन्सीले आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना तोकिएको अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचनामा लेखिएको शुल्कको दर प्रदेश सरकारले तोके बमोजिम प्रकाशित गरी प्रचार प्रसार गर्नु पर्नेछ ।

७. **परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्नुपर्नेः** (१) यस ऐन बमोजिम ट्राभेल एजेन्सीले विदेशी पर्यटकलाई सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी तोकिए बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नेपालभित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोवार नेपाल राष्ट्र बैंक वा त्यस्तो बैंकबाट इजाजत प्राप्त बैंक मार्फत गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कारोवार भए नभएको बिषयमा प्रदेश सरकारले जाँच गर्न सक्नेछ ।

८. **इजाजतपत्र निलम्बन गर्ने अधिकारः** (१) देहायको अवस्थामा तोकिएको अधिकारीले ट्राभेल एजेन्सीको इजाजतपत्र बढीमा ६ महिनासम्म निलम्बन गर्न सक्नेछ।

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेमा,

(ख) दफा ४ बमोजिम अयोग्य भएमा,

(ग) तोकिएको अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति, फर्म वा कम्पनीको ट्राभेल एजेन्सीको इजाजतपत्र निलम्बन गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिँदा बढीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

९. **इजाजतपत्र खारेज वा रद्द गर्न सक्नेः** (१) देहायको अवस्थामा तोकिएको अधिकारीले इजाजतपत्र खारेज वा रद्द गर्न सक्नेछ :-

(क) इजाजतपत्र खारेज गर्नका लागि निवेदन दिएमा,

(ख) इजाजतपत्र जारी हुँदा कुनै व्यहोरा फरक परी इजाजतपत्र जारी भए पछि प्रमाणित भएमा,

(ग) इजाजतपत्र प्राप्त गर्नको निमित्त पेश भएका कागजात वा विवरण झुट्टा ठहरेमा,

(घ) इजाजतपत्रको लागि अयोग्य भएको व्यक्ति, फर्म वा कम्पनीको नाममा इजाजतपत्र जारी भएको पाइएमा,

(ङ) दफा ८ बमोजिम निलम्बन भएको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा,

(च) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा,

(छ) इजाजतपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ज) तोकिए बमोजिमको अन्य कानून विपरितको अवस्था भएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज वा रद्द गर्नु अघि सम्बन्धित इजाजत पत्र वालालाई सफाई पेश गर्ने मनासिव मौकावाट वञ्चित गरिने छैन ।

(३) इजाजतपत्र खारेज वा रद्द गर्ने निर्णय उपर चित्त नबुझेमा सम्बन्धित पक्षले निर्णय भएको पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१०. **इजाजतपत्र हस्तान्तरण वा परिवर्तन गर्न नपाइनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पाएको इजाजतपत्र तोकिएको अधिकारीको स्वीकृति विना हस्तान्तरण वा परिवर्तन गर्न पाइने छैन।

११. **अनुमति लिई संचालनमा रहेको ट्राभेल वा ट्रेकिङ एजेन्सीले इजाजतपत्र लिनुपर्नेः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी ट्राभेल वा ट्रेकिङ्ग एजेन्सी संचालन गरिरहेका व्यक्तिले एक बर्षभित्र तोकिएको विवरण खुलाई यो ऐन बमोजिमको इजाजत पत्र लिनको लागि तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गरी ट्राभेल एजेन्सी वा ट्रेकिङ्ग इजाजतपत्र तोकिएको अधिकारीले दिनेछ ।

## परिच्छेद-३

## पथ प्रदर्शक (गाईड) सम्बन्धी व्यवस्था

१२. **पथ प्रदर्शकको काम गर्न इजाजतपत्र लिनुपर्नेः** (१) यस ऐन बमोजिम पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु पर्नेछ ।

(२) पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले तोकिए बमोजिमको परीक्षा वा तालिममा

सम्मिलित हुनुपर्नेछ र त्यस्तो परीक्षा वा तालिममा उत्तीर्ण हुने निवेदकलाई तोकिएको दस्तुर लिई इजाजतपत्र दिनेछ ।

१३. **अयोग्यताः** देहायको अयोग्यता भएको व्यक्तिलाई इजाजतपत्र दिइने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) मानसिक सन्तुलन ठिक नभएको,

(ग) सरुवा रोग लागेको,

(घ) प्रचलित कानूनले अयोग्य भएको वा करार गर्न योग्य नभएको,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधि भुक्तान नभएको,

(च) नैतिक पतन देखिने फौज्दारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(छ) अदालतको अन्तिम फैसलाबाट लागेको दण्ड, जरिवाना वा दस्तुर बुझाउन बाँकी रहेको,

(ज) इजाजतपत्र खारेज भएको मितिले तीन वर्षको अवधि भुक्तान गरी नसकेको,

(झ) तोकिए बमोजिमको अन्य कुरा पूरा नभएको ।

१४. **पथ प्रदर्शकको इजाजतपत्रको अवधि तथा नवीकरणः** (१) पथ प्रदर्शकको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि समाप्त भएपछि तोकिए बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

१५. **पथ प्रदर्शकको वर्गीकरणः** पथ प्रदर्शकको वर्गीकरण निम्नानुसारको हुनेछ ।

(क) नगर पथ प्रदर्शक,

(ख) स्थानीय पथ प्रदर्शक,

(ग) पदयात्रा पथ प्रदर्शक,

(घ) जलयात्रा पथ प्रदर्शक,

(ङ) जंगलयात्रा पथ प्रदर्शक,

(च) अन्य ।

१६. **इजाजतपत्र बिग्रिए, नासिए वा हराएमा अर्को इजाजतपत्र लिन सकिनेः** कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजतपत्र बिग्रिए, नासिए वा हराएमा तोकिएको म्यादभित्र इजाजतपत्रको लागि निवेदन दिएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरि अर्को इजाजतपत्र लिन सक्नेछ ।

१७. **पथ प्रदर्शकले गर्न नहुने कामहरुः** (१) पथ प्रदर्शकले देहायको कुनै काम गर्नु गराउनु हुँदैनः-

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरु कुनै सेवा उपलब्ध गराउने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित बिक्रेता वा अरु कुनै व्यक्तिसँग नगदी वा अरु कुनै चीज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउ भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजतपत्र अरुलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) कानूनले निषेध गरेका अन्य कार्य गर्न नहुने ।

१८. **इजाजतपत्र खारेज गर्न सकिनेः** (१) देहायको कुनै अवस्थामा तोकिएको अधिकारीले कुनै पथ प्रदर्शकको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएमा,

(ख) दफा १३ को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा १७ बमोजिम गर्न नहुने काम गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजतपत्र खारेज गर्नु अगाडि निजलाई आफ्नो सफाइ पेश गर्नको लागि मौका दिनुपर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको समय दिनुपर्नेछ।

## परिच्छेद-४

## पर्यटकस्तरीय होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टे संचालन सम्बन्धी व्यवस्था

१९. **पर्यटकीय स्तरको रुपमा दर्ता गराउन सकिनेः** (१) कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेलाई पर्यटकीय स्तरमा दर्ता गराउन चाहेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले सोको आवश्यक जाँचबुझ गरि तोकिए बमोजिमको मापदण्ड पूरा भएको देखिएमा त्यस्तो होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेलाई तोकिए बमोजिमको दस्तुर लिई तोकिएको वर्गीकरणमा दर्ता गरिनेछ ।

(३) यस्तो अनुमति सामाजिक सद्भावमा खलल नपर्ने गरी दिनुपर्नेछ ।

२०. **निरीक्षकको नियुक्तिः** यस ऐनको प्रयोजनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार निरीक्षक नियुक्त गर्न

सक्नेछ । त्यसरी निरीक्षक नियुक्त नभएको अवस्थामा त्यस्ता निरीक्षकको काम गर्न प्रदेश सरकारले अन्य कुनै निकाय वा कर्मचारीलाई तोक्न सक्नेछ ।

२१. **निरीक्षकको काम, कर्तव्य र अधिकारः** निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२२. **निरीक्षण वा परीक्षण गर्ने अधिकारः** (१) मन्त्रालयले दफा १९ बमोजिम दर्ता भएको होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेको निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाद्य सामग्री, सामानहरुको निरीक्षण तथा परीक्षण गराउने छ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा त्यसमा प्रयोग हुने सामानको परीक्षण गर्दा तोकिएको स्तर नपाइएको प्रतिवेदन पेश हुन आएमा त्यस्तो होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेलाई सम्बन्धित मन्त्रालयले तोकिएको स्तर कायम गर्न मुनासिब माफिकको म्याद दिनेछ ।

(३) उपदफा (२) बमोजिम म्याद दिँदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा सम्बन्धित मन्त्रालयले त्यस्तो होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेको दर्ता निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा तोकिएको होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेले तोकिएको स्तर कायम गर्न सफल भएमा सम्बन्धित मन्त्रालयले त्यस्तो होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेलाई साबिकको स्तरको वर्गीकरणमा दर्ता गर्न वा दर्ता निलम्बन गरिएकोमा निलम्बन फुकुवा गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्म साविकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेको हकमा सम्बन्धित मन्त्रालयले वर्गीकरण गरी दर्ता गर्न सक्नेछ।

२३. **<u>दर वा मूल्यको सूचना प्रकाशित गर्नुपर्नेः</u>** दफा १९ बमोजिम दर्ता भएको प्रत्येक होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेले आफ्नो दर वा मूल्यको सूचना मन्त्रालय समक्ष पठाउनु पर्नेछ र मन्त्रालयले तोके बमोजिम प्रकाशित गरी प्रचार प्रसार समेत गर्नुपर्नेछ ।

२४. **<u>होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टे उपर बन्देजः</u>** (१) दफा १९ बमोजिम दर्ता नभएको होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेले देहायको कुनै काम गर्न पाउने छैनः-

(क) पर्यटक स्तरको होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टे, पार्टी प्यालेस, मल, पर्यटकीय परिकार, भोजनालय, पर्यटकीय फुड फेष्टिवल, बुफे, खानपिन सम्बन्धी भोज भतेर गर्ने भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपीनको प्रबन्ध गर्नको निमित्त कुनै पर्यटक वा ट्राभेल एजेन्सीसँग सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न ।

(२) दफा १९ बमोजिम कुनै तोकिएको वर्गीकरणमा दर्ता भएको होटलले दर्ता भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारको प्रयोग गर्नु हुँदैन ।

## परिच्छेद-५

## धार्मिक-साँस्कृतिक तथा अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था

२५. **धार्मिक-साँस्कृतिक पर्यटन सम्बन्धी व्यवस्थाः** (१) धार्मिक-साँस्कृतिक पर्यटन सम्बन्धी स्थान र मार्ग प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(२) प्रदेश सरकारद्वारा जिर्णोद्धार गरी निर्माण भएको मठ, मन्दिर, गुम्बा, देवालय, धर्मशाला, पोखरी, मेला, चाडपर्व, पदमार्ग लगायतको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वको स्थानलाई संरक्षण, जगेर्ना तथा व्यवस्थापन कार्यका लागि तोकिए बमोजिमको समिति मार्फत गर्नेछ ।

(३) धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वको कार्यक्रम गर्न प्रदेश सरकारसँग अनिवार्य समन्वय गरी त्यस्तो कार्यक्रम व्यवस्थापन गर्नु गराउनु पर्नेछ ।

(४) प्रदेशभित्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्व बोकेको स्थलको पुनर्निर्माण वा अन्य भौतिक संरचना तथा पूर्वाधार निर्माण गर्दा साविकको मौलिकतामा असर नपर्ने गरी निर्माण

गर्नुपर्नेछ । यो कार्य गर्नुपूर्व सम्बन्धित स्थानीय निकाय, संघ सस्थाले मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) प्रदेश सरकारले प्रदेशभित्र रहेका विश्व सम्पदा सूचीमा सूचीकृत हुने वा हुन योग्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्व बोकेको स्थानलाई पहिचान गरी विशेष धार्मिक पर्यटकीय सम्पदालाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष प्रदेश सम्पदा घोषणा गर्न सक्नेछ ।

(६) प्रदेशभित्र रहेको निजी गुठी, सार्वजनिक गुठी तथा अन्य सार्वजनिक प्रकृतिको जग्गा जमिनहरुमा ऐतिहासिक महत्वको पर्यटनको गन्तव्यहरुमा प्रदेश सरकारले विशेष पर्यटन क्षेत्र घोषणा गरी त्यसको व्यवस्थापन सार्वजनिक, निजी साझेदारीमा गर्न सक्नेछ ।

(७) जल विहार, होमस्टे, वोटिङ्ग, फिसिङ्ग, जङ्गल सफारी, बगैंचा, पार्क, फन पार्क, हेरिटेज पार्क, जलचर, थलचर, वायुचरहरुको लागि म्यूजियम स्थललाई पर्यटकीय स्थलको रुपमा संचालन गर्न चाहेमा पर्यटन व्यवसायको इजाजत लिनुपर्नेछ ।

(८) धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक स्थलहरुमा पर्यटन व्यवसाय संचालनका लागि प्रदान गरिने इजाजतपत्र, अनुमतिपत्र, दस्तुर,

सम्पर्क, बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः** धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक वाहेक तोकिएको अन्य पर्यटन व्यवसायहरुको दर्ता गर्ने, इजाजत लिने, नवीकरण गर्ने, संचालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्ने सम्बन्धमा तोकिए बमोजिम हुनेछ ।

२७. **अनुमति तथा इजाजत लिनुपर्नेः** यस परिच्छेद बमोजिमको पर्यटन वा व्यवसाय सम्बन्धी क्रियाकलापहरु गर्ने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम अनुमति वा इजाजत लिनु पर्नेछ ।

## परिच्छेद-६

## प्रदेश पर्यटन प्रबर्द्धन समिति सम्बन्धी व्यवस्था

२८. **प्रदेश पर्यटन प्रबर्द्धन समितिः** (१) प्रदेशलाई एक आकर्षक पर्यटकीय क्षेत्रको रुपमा विकास गरी पर्यटन प्रबर्द्धन लगायतका कार्य गर्न तथा पर्यटन सम्बन्धी नीति तयार गर्नका लागि एक प्रदेश पर्यटन प्रबर्द्धन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, प्रदेश सरकारको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, गृह, सञ्चार तथा कानून मन्त्रालय -सदस्य

(ङ) पर्यटन सम्बन्धी कार्य हेर्ने मन्त्रालयको सचिव -सदस्य

(च) अध्यक्ष वा प्रतिनिधि, प्रदेश स्थित, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(छ) अध्यक्ष वा प्रतिनिधि, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ (मधेश प्रदेश) -सदस्य

(ज) अध्यक्ष वा प्रतिनिधि, होटेल एसोसिएसन अफ नेपाल -सदस्य

(झ) अध्यक्ष वा प्रतिनिधि, सोसाइटी अफ ट्राभेल एण्ड टूर अपरेटर्स नेपाल -सदस्य

(ञ) धार्मिक पर्यटन सम्बन्धी क्षेत्रमा काम गरेका ख्यातिप्राप्त व्यक्ति मध्येबाट कम्तिमा १ जना महिला सहित मन्त्रालयले तोकेको तीन जना -सदस्य

(ट) पर्यटन क्षेत्रमा उच्च योगदान गरेका ब्यक्तिहरु मध्येवाट मन्त्रालयले मनोनीत गरेका कम्तिमा एकजना महिला सहित तीन जना -सदस्य

(३) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख वा पर्यटन क्षेत्रमा अनुभव भएको कम्तीमा उपसचिवस्तरका कर्मचारीहरु मध्येबाट समितिले तोकेको कुनै कर्मचारीले समितिको सदस्य-सचिवको रुपमा काम गर्नेछ ।

(४) उपदफा (२) को खण्ड (ञ) र खण्ड (ट) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः अर्को एक पटकको लागि मनोनीत हुन सक्नेछ ।

(५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पद बमोजिमको जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरित कुनै

कार्य गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्यको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(६) समितिको सचिवालयको लागि मन्त्रालयले स्थान उपलब्ध गराउनेछ ।

(७) समिति सदस्यले बैठकमा सहभागि भए वापत पाउने बैठकभत्ता र यातायात खर्च प्रदेश खर्च मापदण्ड बमोजिम हुनेछ ।

(८) सचिवालयमा कार्यरत कर्मचारीलाई प्रदेश सरकारले आवश्यकता अनुसार भत्ता वा अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

२९. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, खेलकुद पर्यटन, पर्या-पर्यटन, सफारी पर्यटन, साहसिक पर्यटन, खाना पर्यटन, कृषि पर्यटन, औद्योगिक, व्यवसायिक प्रदर्शनी एंव सभा सम्मेलन पर्यटन, जलयात्रा पर्यटन, पर्वतारोहण पर्यटन,

दृश्यावलोकन पर्यटन लगायतका पर्यटन प्रबर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा पर्यटन सम्बन्धी नीति निर्माण गर्ने,

(ख) पर्यटन सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एंव कार्य प्रणालीको नियमित समीक्षा गर्ने,

(ग) पर्यटन सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(घ) प्रचलित कानूनको अधिनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्न प्रदेश सरकारलाई सिफारिस तथा सहजीकरण गर्ने,

(ङ) लगानी अभिवृदि गर्न तथा प्रोत्साहन गर्न अध्ययन, अनुसन्धान गर्ने र आवश्यकता अनुसार प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(च) पर्यटन प्रदूषण नियन्त्रण सम्बन्धी निर्णय लिने र आवश्यक्ताका आधारमा प्रदेश सरकार समक्ष सुझाव पेश गर्ने,

(छ) यस ऐन तथा प्रचलित कानून बमोजिम पर्यटन उद्योग/व्यवसायले पाउने सेवा, सुविधा तथा सहुलियत प्राप्त गर्न कठिनाई आइपरेमा सो को निराकरण गरी कार्यान्वयन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ज) पर्यटन उद्योग/व्यवसायमा कुनै थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(झ) प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक सामञ्जस्यपूर्ण सहकार्यमा पर्यटकीय वातावरण निर्माण गर्ने र आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेश र स्थानीय स्तरका सम्भावित पर्यटकीय क्षेत्र, पर्यटकीय जोन, पर्यटकीय ग्राम, पर्यटकीय नगरी, पर्यटकीय पार्कको पहिचान, पूर्वाधार

निर्माण र संरक्षणको योजना निर्माण गर्ने,

(ट) पर्यटनको विकासमा देखिएका अवरोधहरुको अध्ययन गर्ने, सो को निराकरणको लागि प्रदेश सरकार, स्थानीय सरकार वा अन्य सम्बद्ध निकायहरु बिच सहजीकरण गर्ने,

(ठ) व्यवसायीको गुनासो सुनुवाइ गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्ग निर्देशन गर्ने,

(ड) प्रदेशको एकीकृत पर्यटकीय सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउने,

(ढ) पर्यटन/उद्योग व्यवसायको अनुगमन तथा निरीक्षणका लागि आवश्यक फारम स्वीकृत गर्ने,

(ण) अफ-सिजनको लागि प्याकेज संचालन गर्न योजना निर्माण गर्ने,

(त) प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने,

(थ) प्रदेश सरकारबाट निर्माण भएका पर्यटन पूर्वाधार तथा संरचनाहरुको तोकिए बमोजिम संचालन तथा व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने,

(द) धार्मिक पर्यटनमा रहेको सम्भावनालाई मध्यनजर गरी धार्मिक पर्यटनको विकासको लागि संयन्त्र निर्माण गर्ने,

(ध) प्रदेशभित्र रहेका उपयुक्त स्थानको पहिचान गरी प्रदेश स्तरीय पर्यटन पार्क निर्माणको योजना बनाउने र प्रदेश पार्क निर्माणको लागि आवश्यक पर्ने स्थानको पहिचान र छनोटको लागि विज्ञहरु रहेको समिति गठन गर्ने,

(न) प्रदेशभित्र रहेका नदीहरुमा उपयुक्त स्थानको पहिचान गरेर बोटिङ्ग संचालनको लागि आवश्यक पूर्वाधार निर्माण, पूर्वाधार निर्माणका लागि सहजीकरण गर्ने,

(प) प्रदेश सरकार र समितिको बैठकले तोकेको अन्य कार्यहरु गर्ने,

(फ) पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न गराउन सक्ने ।

३०. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा दुई दिन अगावै सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ । संख्या नपुगी बैठक स्थगित भई दोस्रो पटक बैठक बस्दा गणपुरक संख्याको लागि एक चौथाई सदस्य उपस्थित हुनु पर्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको विशेषज्ञ वा प्रदेश सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३१.** **<u>उपसमिति वा कार्यदल गठन गर्नसक्नेः</u>** (१) समितिले आवश्यकता अनुसार धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा व्यवसायिक पर्यटकीय स्थानको सम्बर्द्धन तथा संरक्षण गर्न उपसमिति वा कार्यदल गठन गरी काम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलले पाउने सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## दण्ड सजाय सम्बन्धी व्यवस्था

**३२. दण्ड सजायः** (१) यस ऐनमा उल्लेखित प्रावधान विपरित काम गरेमा देहाय बमोजिमको दण्ड सजाय हुनेछः-

(क) इजाजतपत्र नलिई कसैले ट्राभेल एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा मन्त्रालयले त्यस्तो एजेन्सी वा कारोवार बन्द गर्न लगाई निजलाई बीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ख) दफा ७ को उपदफा (१) उल्लङ्घन गर्ने व्यक्तिलाई मन्त्रालयले पहिलो पटक कसूर गरेको भए बीस हजारदेखि चालिस हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकै पिच्छे चालिस हजारदेखि असी हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ७ को उपदफा (२) उल्लङ्घन गरे वापत विदेशी विनिमय सम्बन्धी प्रचलित कानून बमोजिम तीन पटक वा

सोभन्दा बढी सजाय पाएमा प्रदेश सरकारले त्यस्तो ट्राभेल एजेन्सीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(घ) दफा ८ बमोजिम ट्राभेल एजेन्सीको इजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभेल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी काम गरेमा निजलाई मन्त्रालयले बीस हजार रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो व्यक्तिले पाएको ट्राभेल एजेन्सीको इजाजतपत्र समेत खारेज गर्न सक्नेछ ।

(२) परिच्छेद तीन अन्तर्गत देहायको कसूर गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) दफा १२ बमोजिम इजाजतपत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(ख) दफा १४ बमोजिम इजाजतपत्र नवीकरण नगरी पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको

नियम वा आदेशको पालना नगरेमा मन्त्रालयले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(ग) खण्ड (क) र (ख) मा लेखिए देखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा मन्त्रालयले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) परिच्छेद चार अन्तर्गत देहायको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा १९ बमोजिम दर्ता नगराई पर्यटन स्तरको हो भनी कुनै होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टे संचालन गरेमा वा दफा २४ को उपदफा (१) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा पर्यटकसँग सम्पर्क राखेमा पहिलो पटक भए पन्ध्र हजार रुपैयाँसम्म दोस्रो पटक भए पच्चीस हजार रुपैयाँदेखि चालीस हजार रुपैयाँसम्म र तेस्रो

पटकदेखि प्रत्येक पटकको चालीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म मन्त्रालयले जरिवाना गर्न सक्नेछ ।

(ख) दफा २४ को उपदफा (२) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा मन्त्रालयले त्यस्तो होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टेको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

(ग) दफा २२ बमोजिम प्रदेश सरकारबाट खटिएका कर्मचारीलाई होटल, मोटल, लज, रेष्टुराँ, बार, रिसोर्ट, क्यासिनो, फनपार्क, होमस्टे निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने कुरा तथा पिउने सामानहरुको परीक्षण गर्न कसैले

बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले तीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) देहायको कसूर गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) दफा २५ र २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा मन्त्रालयले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ख) कुनै पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति नलिई दफा २६ मा तोकिएको पर्यटन सम्बन्धी कुनै क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटन सम्बन्धी कुनै क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन

वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले बीसहजार रुपैयाँदेखि असी हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) यस परिच्छेद बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजाय भए गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-८

## विविध

३३. **पर्यटकले ल्याएका मालसामानहरुको खरिद बिक्री गर्न नपाउनेः** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको मालसामान कुनै पर्यटकले विदेशबाट ल्याई नेपालभित्र बिक्री वा दान दातब्य गरी वा अरु कुनै प्रकारबाट हक छाडी दिन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको विपरित कसैले कुनै मालसामान लिए दिएमा तोकिएको अधिकारीले लिने व्यक्तिबाट मालसमान जफत

गरी मालसामान दिनेलाई बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

३४. **प्रतिवेदन वा विवरण पेश गर्ने गराउने अधिकारः** (१) दफा ३, १२, १९ र २५ बमोजिम इजाजत प्राप्त पर्यटन व्यवसायीले तोकिए बमोजिम आवधिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक प्रदेश सरकारले समय समयमा ट्राभेल एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा दफा १९ बमोजिम होटल लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिसँग आवश्यक देखिएमा अन्य विवरण माग गर्न सक्नेछ ।

(३) मन्त्रालयले दफा २६ बमोजिमको पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कारवाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाब किताब तथा अन्य अभिलेख जाँचबुझ गर्न सक्नेछ ।

**३५. अरुलाई काम गर्न दिन नहुने:** ट्राभेल एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा दफा १९ बमोजिम होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने संस्था, मठ मन्दिर, वा सूचीकृत गर्ने व्यक्तिले आफ्नो व्यवसाय अरुलाई धितो बन्धक दिन वा अरु कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरु कसैलाई त्यस्तो व्यवसाय संचालन गर्न दिनुहुदैन ।

तर, त्यस्तो ट्राभेल एजेन्सी तथा होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसायीले कुनै सेवा फर्म, ट्रष्ट, वित्तीय संस्थासँग कारोवार गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

**३६. आन्तरिक पर्यटक सम्बन्धी विशेष व्यवस्था:** (१) आन्तरिक पर्यटक सम्बन्धी व्यवस्था तोकिएको बमोजिम हुनेछ ।

**३७. विवरणमा हेरफेर भएमा सूचना दिनुपर्ने:** ट्राभेल एजेन्सीको इजाजतपत्रको लागि वा होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय वा सेवा फर्म, ट्रष्टको दर्ताको लागि दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र उक्त कुराको सूचना ट्राभेल एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा होटल, लज, रेष्टुराँ तथा रिसोर्ट बार वा दफा

२६ बमोजिमको पर्यटन व्यवसायको दर्ता गराउने व्यक्तिले मन्त्रालय समक्ष दिनुपर्नेछ।

३८. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनुपर्नेः** ट्राभेल एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्तिले वा परिच्छेद ४ बमोजिम होटल, लज रेष्टुराँ तथा रिसोर्ट, बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको अधिकारी समक्ष सूचना दिनुपर्नेछ ।

३९. **निर्देशन दिने अधिकारः** ट्राभेल एजेन्सी वा दफा १९ बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ क्यासिनो, फनपार्क तथा रिसोर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिलाई मन्त्रालयले पर्यटन विकास सम्बन्धी विषयलाई लिएर आवश्यक निर्देशन दिन सक्नेछ ।

४०. **जरिवाना तथा उजुरीः** (१) देहायको कुनै काम गर्ने व्यक्तिलाई मन्त्रालयले बीस हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछः-

(क) दफा ३४ बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन तोकिए बमोजिम पेश नगरेमा वा अभिलेख निरीक्षण गर्न वा जाँच्न

खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(ख) दफा ३५ बमोजिम निषेध गरिएको काम गरेमा,

(ग) दफा ३८ बमोजिम म्यादभित्र सूचना नगरेमा,

(घ) दफा ३९ बमोजिमको निर्देशनको पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले गरेको जरिवानामा चित्त नबुझने व्यक्तिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत उजुरी दिन सक्नेछ ।

४१. **अधिकार प्रत्योजन गर्न सक्ने:** यो ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त कुनै अधिकार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्योजन गर्न सक्नेछ ।

४२. **प्रदेश सरकारले आदेश जारी गर्न सक्ने:** प्रदेश सरकारले चलाएको कुनै ट्राभेल एजेन्सी, होटल वा दफा २५ बमोजिमको पर्यटन व्यवसाय प्रदेश सरकारले नियुक्त गरेको पथ प्रदर्शक, व्यवस्थापन समितिको विषेश पर्यटकीय स्थल, ऐतिहासिक धार्मिक सास्कृतिक स्थल

सम्बन्धमा यो ऐनको कुनै वा सबै व्यवस्था लागू नहुने गरी प्रदेश सरकारले आदेश जारी गर्न सक्नेछ ।

४३. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः** ग्लाइडिङ्ग, जंगल सफारी, क्याम्पिङ्ग, जंगल क्यानोपी वाक, जीप लाइन, मोटर बोट, माउन्टेन बाइक, र्‍याफ्टिङ्ग, स्काइ वाक, रक क्लाइम्बिङ्ग, धार्मिक पर्यटन लगायत अन्य पर्यटन व्यवसायहरु सम्वन्धी व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

४४. **पर्यटकीय क्षेत्रको घोषणा सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि स्थान वा एक वा एकभन्दा वढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रबर्द्धन, विकास र व्यवस्थापन गर्न मन्त्रालयले प्रचलित कानून बमोजिम समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य तथा अधिकार र त्यस्ता समितिको क्षमता लगायतका विषय तोकिए बमोजिम हुनेछ ।

४५. **वातावरण अनुकूल उर्जाको प्रयोगः** प्रदेश सरकारले प्रदेशभित्र होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, बार वा कुनै

पनि पर्यटकीय स्थानमा सोलारको जडान गरी आधुनिक वातावरण अनुकूल व्यवस्थापन गरी वातावरण अुनकूल क्षेत्र निर्माणको लागि खास क्षेत्रलाई वातावरण अनुकूल पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

४६. **विवरण हेरफेर भएमा सूचना दिनुपर्नेः** यस ऐन बमोजिम दर्ता भएको पर्यटन व्यवसायको दर्ताको लागि दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो हेरफेर गरेको विवरण सहितको जानकारी १५ दिनभित्र दर्ता भएको निकायमा पेश गर्नुपर्नेछ ।

४७. **बीमा सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम अनुमति प्राप्त पथ प्रदर्शक, पर्यटक सम्बन्धी वा अन्य व्यवसासिक स्थलको संरक्षण गर्ने कार्यको दिर्घकालीन सुरक्षा सम्बन्धमा बीमा सुरक्षा प्रचलित कानून बमोजिम मान्यता प्राप्त बीमा कम्पनीमा बीमा गर्न सकिनेछ ।

४८. **प्रदेश सरकारले सहुलियत दिन सक्नेः** यस ऐन बमोजिम होटेल, रेष्टुराँ, होमस्टे लगायतका विभिन्न पर्यटन व्यवसाय गर्ने महिला, अपाङ्ग वा सिमान्तकृत समुदायका व्यक्तिहरुलाई त्यस्तो पर्यटन व्यवसाय स्थापना एवं संचालनमा सहुलियत वा सुविधा दिन सक्नेछ । त्यस्तो सहुलियत वा सुविधा तोकिए बमोजिम हुनेछ ।

४९. **<u>नियम, निर्देशिका, कार्यविधि एंव मापदण्ड बनाउने अधिकारः</u>** (१) यो ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ । यसरी नियम बनाउँदा संघीय सरकार तथा स्थानीय निकाय, गुठी सम्बन्धी निकायसँग समेत सम्बन्धित हुने देखिएमा समन्वय गरी कार्य गर्न नियमावली बनाउन सक्नेछ ।

(२) मन्त्रालयले यस ऐन तथा नियमको अधिनमा रही निर्देशिका, कार्यविधि एंव् मापदण्ड बनाउन सक्नेछ ।

५०. **<u>बचाउः</u>** यो ऐन जारी हुनुभन्दा अघि प्रदेश सरकार र अन्तर्गतका निकायबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः२०८१।१२।१९

आज्ञाले,
उद्धव प्रसाद रिजाल
प्रदेश सचिव
गृह, सञ्चार तथा
कानुन मन्त्रालय